# स्थानीय राजपत्र

भानु नगरपालिकाद्वारा प्रकाशित

खण्डः ०१ संख्याः ०१२ मितिः २०७५/१०/२४

## भाग-२
## भानु नगरपालिका

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ ।

## भानु नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार, बिक्री वितरण तथा प्रशोधन उद्योग संचालन गर्ने कार्यविधि, २०७५

प्रमाणिकरण मिति २०७५/०८/१०

**प्रस्तावनाः**भानु नगरपालिका क्षेत्रभित्रका नदी जन्य पदार्थ लगायताका प्राकृतिक श्रोत साधनको संरक्षण तथा सहज आपुर्ती गर्न, निशेधित क्षेत्रबाट नदीजन्य पदार्थ चोरी उत्खनन तथा निकासीलाई निरुत्साहित गर्न र वातावरण संरक्षण ऐन २०५३ मा व्यवस्था भए वमोजिम IEE / EIA स्वीकृत भएको स्थलबाट नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा ओसार पोसार गर्दा वातावरमैत्री व्यवहार अपनाउने व्यवस्थालाई सरल, व्यवस्थित, पारदर्शी र प्रवाभकारी वनाई लागु गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (प) (७) तथा गण्डकी प्रदेश बाट जारी गरिएको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्,

संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाइ व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा व्यवस्था वमोजिम यो कार्यविधि वनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम "भानु नगरपालिका नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार तथा बिक्री वितरण तथा प्रशोधन उद्योग संचालन गर्ने कार्यविधि, २०७५" रहेकोछ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क)" **ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख)"**मन्त्रालय**" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सो विषय सँग सम्बन्धित प्रदेश मन्त्रालय सम्झन पर्छ ।

(ग) **"अनुगमन समिति**" भन्नाले दफा **११ (१)** बमोजिम गठित अनुगमन समिति सम्झनुपर्छ ।

(घ) **"नगर कार्यपालिका**" भन्नाले भानु नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) **"नगर सभा**" भन्नाले भानु नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(च) **"नदीजन्य पदार्थ**" भन्नाले उत्खनन गर्न अनुमति भएको सार्वजनिक तथा निजि जग्गा तथा नदी बगर क्षेत्रबाट उत्खनन गर्दा निस्कने रोडा,ढुङ्गा, गिट्टी, बालुवा र माटो समेतलाई जनाउने।

(छ) "**अन्य पदार्थ**" भन्नाले नदी र नदी किनार बाहेकका कुनै व्यक्तिको स्वामित्वमा रहेकोवा जोतभोगमा रहेको जग्गा उत्खनन गर्दा निस्कने माटो, ढुङ्गा तथा यस्तै प्रकृतिका अन्य प्राकृतिक श्रोत सम्झनुपर्छ ।

(ज). "**EIA**" भन्नाले नदीजन्य पदार्थउत्खनन तथा ओसार पसार गर्न संघीय वा प्रदेश सरकारद्धारा स्वीकृत Environmental Impact Assisment (वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन) लाई जनाउने छ ।

(झ) "**IEE**" भन्नाले नदीजन्य पदार्थ तथा निजि हक भोग जग्गाबाट निस्कने निर्माण जन्य पदार्थ उत्खनन तथा ओसारपसार गर्न नगरपालिकाद्वारा स्वीकृत Initial Environmental Examination (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन) लाई जनाउनेछ ।

(ञ) "**घाटगद्दी**" भन्नाले तोकिएको नदी वा खोलाबाट नदीजन्य पदार्थ / अन्य निर्माण जन्य पदार्थ उत्खनन गरेर ल्याई राख्ने स्थल वा त्यस्तो पदार्थ उत्खनन स्थल समेतलाई जनाउने छ ।

(ट)**"खानी विकास समिति**" भन्नाले साधारण निर्माण जन्य सामाग्रीहरु ढुंगा, गिट्टि, माटो ,वालुवा उत्खनन, संकलन, प्रशोधन एवं विक्री वितरण कार्यको अनुमति प्रदान गन गठित सिफारिस समितिलाई जनाउने छ ।

ठ) **"प्रदेश कार्यविधि"** भन्नाले गण्डकी प्रदेशबाट जारी भएको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, सङ्कलन, क्रसिंग र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ लाई जनाउने छ ।

ड) **"प्राबिधिक समिति"** भन्नाले दफा (८) ग वमोजिमको समितिलाई जनाउने छ, ।

ढ) **"आन्तरिक आय"** भन्नाले नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजस्व वाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक भानु नगरपालिकाले आफ्नो क्षेत्रभित्र नदिजन्य पदार्थ संकलन, उत्खनन् तथा प्रशोधन गरे वापत पाउने आय सम्झनु पर्छ । )

**३. कार्यविधिको आवश्यकता:**

भानु नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन् निषेधित गरेको क्षेत्र र वन क्षेत्रको संरक्षण गर्न निषेधित क्षेत्रबाट नदी जन्य पदार्थ उत्खनन् र चोरी निकासी नियन्त्रण गर्न, सार्वजनिक तथा निजी निर्माण कार्यको लागि आवश्यक पर्ने नदी जन्य पदार्थको सहज आपुर्ती व्यवस्थापना गर्न साथै, निजी क्षेत्र ढुङ्गा, गिट्टी, वालुवा, माटो ओसारपसार, विक्री वितरण तथा प्रशोधन उद्योगलाई व्यवस्थित गर्न, उत्खनन्

वितरण तथा ढुवानी गर्दा वातावरण मैत्री व्यवहार अपनाउन र नदीमा थुप्रिएर रहेको नदिजन्य जन्य पदार्थ हटाई विपत व्यवस्थापन गर्न आवश्यक भएकोले नगर कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

४. **कार्यविधिको उद्देश्य :** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका सर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

(ख) नदीक्षेत्र र ओसारपसार गरिने मार्ग वरिपरिको वातावरण संरक्षण गर्ने,

(ग) नदीजन्य पदार्थको अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै यस्ता पदार्थकोसहज आपूर्तिगर्ने प्रबन्ध मिलाउने,

(घ) नदीजन्य पदार्थउत्खनन तथा ओसार पासार गर्नेसन्दर्भमा संघीय सरकार तथा प्रदेश सरकारबाट भएका विभिन्न निर्णयहरुलाई स्थानीय विशेषता (Localize) का आधारमा कार्यान्वयन गर्नसहज तुल्याउने,

(ङ) आम नागरिकलाई सुपथ मूल्यमा नदीजन्य पदार्थउपलब्ध हुन सक्ने वातावरण सिर्जना गर्ने,

(च) सार्वजनिक विकास निमार्णका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने,

(छ) परापूर्वदेखि जोतभोग गर्दै आएको जग्गालाई सम्याउनेर खेती प्रणालीलाई सुधार ल्याउने,

(ज) नदीमा थुप्रिएर रहेको नदी जन्य पदार्थ हटाई विपदलाई न्यूनीकरण गर्ने।

ट) निजी स्वामित्वमा रहेको वा जोतभोगमा रहेकोजग्गा उत्खनन गर्दा निस्कने माटो, ढुङ्गा तथा यस्तैप्रकृतिका अन्य प्राकृतिक श्रोत को व्यवस्थापन गर्ने ।

५.**कार्यविधीको क्षेत्र :**

यो कार्यविधी भानु नगरपालिका क्षेत्रका निम्न क्षेत्रहरुभित्र लागु हुनेछ ।

५.१. नगरपालिका क्षेत्रभित्र रहेका अन्य नदी तथा खहरेहरुबाट तथा वनक्षेत्र भित्र पर्ने नदी खोलाबाट डिभिजन वन कार्यालयको समन्वयमा नदीजन्य पदार्थ उत्खनन् र विक्रीवितरण गर्न सम्बन्धित निकायद्वारा स्वीकृत EIA/IEE प्रतिवेदनले स्विकृत गरेका क्षेत्रहरु ।

५.२. नगरपालिका क्षेत्रभित्र रहेका नदी, खहरेमा नदीजन्य पदार्थ थुप्रन गई सो को कारणले प्रकोप जोखिम हुन सक्ने भएमा त्यस्ता पदार्थ हटाउन आवश्यक स्थलहरु ।

५.३. नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न निजि जग्गा धनीले आफ्नो जग्गाबाट नदीजन्य पदार्थ उत्खनन् गरी हटाउन माग गरेको अवस्थामा सो माग गरेको क्षेत्र र परिमाण भित्र ।

५.४. नगरपालिका क्षेत्रभित्र रहेका बिभिन्न सार्वजानिक जग्गा उत्खनन् गरी नदीजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भै अनुमति भएमा सो उत्खनन् गरिन क्षेत्र र परिमाण भित्र ।

५.५. नगरपालिका क्षेत्र भित्रका कृषकले निजि जग्गालाई खेतियोग्य बनाउदा, माछापोखरी निर्माण गर्दा तथा अन्य कुनै पनि कृषि फर्म सञ्चालन गर्दा निस्कने ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल जस्ता पदार्थ उत्खनन् गरी उक्त स्थानबाट हटाई अन्यत्र ओसार पसार गरिने क्षेत्र र परिमाण भित्र ।

६. **नदीजन्य पदार्थको उत्खनन विधि :** यस कार्यविधि बमोजिम उत्खनन गर्दा उत्खननकर्ताले ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका बखत उपभोक्ता स्वयम देहायको सर्त तथा मापदण्ड पालना गर्नु पर्ने छ ।

(१) नदीजन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण यकिन गर्दा सम्बन्धित स्थानीय तहका प्रतिनिधी, र स्थानीय बासिन्दा समेतको रोहवरमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नुपर्ने ।

(२) उत्खनन पश्चात के कति परिमाण निकालेको रहेछ भनी नापजाँच गर्न मिल्नेगरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण यकिन गरेपछिमात्र सो स्थानबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खनन कर्ताले नदीजन्य वा अन्य पदार्थ उत्खनन गरी लैजान सक्ने ।

३) नदीजन्य पदार्थ उत्खनन गर्दा कार्यालयबाट खटिएका कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सीमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने भारी यान्त्रिक उपकरण प्रयोग गर्नु स्विकृती लिएर मात्र प्रयोग गर्ने ।

(४) उत्खनन गर्दा भारी यान्त्रिक उपकरणको प्रयोग सम्बन्धमा IEE प्रतिवेदनमा उल्लेख भएकाको हकमा सोही बमोजिम र अन्यको हकमा प्राबिधिक समितिबाट क्षेत्र निर्धारण गरी भारी यान्त्रिक उपकरण लगाउने पर्ने आवश्यकता औल्याई, स्थान र परिमाण समेत उल्लेख गरी प्रतिवेदन पेश गरेमा अनुगमन समितिको निर्णय बमोजिम गर्ने ।

(५) नदीजन्य पदार्थउत्खनन गर्नेसमय बिहान ७ बजेदेखि प्रारम्भ गरी साँझ ६ बजेसम्म मात्र कायम गर्ने ।

(६) उत्खनन स्थल सम्म जानेर फर्कने मार्ग निर्धारण नगरपालिकाले स्थानीय सहमतिका आधारमा गर्ने । उत्खननका लागि सवारी साधन प्रवेश गर्दाका बखत यस कार्यविधिको अनुसूची १ बमोजिको ढाँचामा नदी प्रबेश आदेश लिएर मात्र उत्खनन गर्न नदीमा प्रवेश गर्नदिने । उत्खनन परिमाण खुलेकोनदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने। यो अभिलेखको निरन्तर अनुगमन गर्ने ।

(७) परिमाण नियन्त्रका लागि दैनिक पटके उत्खनन अभिलेख खाता अनुसूची २ बमोजिको ढाँचामा उत्खनन स्थलमा राख्ने।

(८) उत्खनन गरि सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तुजुन स्थानबाट निकालिएको हो सोही स्थलमा लगी छाड्नुपर्नेछ । उत्खनन गर्दा तोकिएको गहिराइ सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नुपर्नेछ । नदीको पानीको बहाव क्षेत्र परिवर्तन गर्न पाइने छैन ।

(९) उत्खनन कार्यमा खटिने ठेकेदार ले **IEE/EIA** का सर्तका अलावा ठेक्का सर्त र अनुगमन समितिले बेला बेलामा दिइएको निर्देशन पालन गर्नुपर्नेछ ।

(१०) उत्खनन गर्दा पानीको सतह भन्दा १५ से.मी. माथि छाड्नु पर्नेछ । उत्खनन सम्बन्धी IEE/EIA का सवै सर्त पालना गर्नु पर्नेछ ।

(११) उत्खनन स्थलमा ट्याक्टर, टिप्परबाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

(१२) उत्खनन स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरी उत्खनन स्थलमा मलमूत्र त्याग गर्न निषेध गर्ने ।

(१३) उत्खननका लागि पहिचान भएको घाट नजिक सबैले देख्नेगरी उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारीमूलक सूचना बोर्ड तयार गरी राख्ने ।

(१४) नदिजन्य उत्खनन कार्यमा खटिने कामदारहरुको बिमा गर्नुपर्नेछ ।

**७. नदीजन्य पदार्थको ओसारपसार गर्ने विधि :** नदीजन्य पदार्थ ओसारपसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नुपर्नेछ ।

(१) नदी प्रवेश आदेश लिई उत्खनन गरिने घाटमा प्रवेश गरी उत्खनन गरी नदीजन्य पदार्थलोड भएका सवारी साधनहरुले ढुवानी अवधिभर नदी प्रवेश आदेश र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार सार गर्नुपर्नेछ ।

(२) नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटकैपिच्छे पटके नदी प्रवेश आदेश र राजस्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनुपर्नेछ । पटके आदेशमा उल्लिखित विवरण ( मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार आदि ) अनुगमनका क्रममा फरक परेमा सर्त उल्लघन गरेको ठहर गर्ने।

(३) नदीजन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसार पसार गर्ने समय बिहान ७:०० बजेदेखि साँझ ६:०० बजेसम्म मात्र कायम गर्ने।

(४) नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्नप्रयोग गर्न निषेध गर्ने । सोको अनुगमनको प्रबन्ध नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

(५) नदीजन्य पदार्थ ढुवानी गर्नेसाधनले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्नेछ र ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा हाँक्न पाउने छैन ।

(६) उत्खनन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको व्यवस्थापन र धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउने ।

(७) निजी प्रयोगका लागि भन्सार सुविधा लिई दर्ता भएका रातोप्लेट का सवारी साधनले नदीजन्य पदार्थ भाडा वा ठेक्कामा ढुवानी गर्न पाउने छैनन् । तर निर्माण व्यवसायीले कम्पनीको नाममा दर्ताभएका रातो प्लेटका सवारी साधन प्रयोग गर्न बाधा पर्नेछैन ।

(८) नदीजन्य पदार्थलोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने ।

(९) नदीजन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालना सम्बन्धमा नगरपालिकाले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने ।

(१०) जग्गा सम्याउँदा अनिवार्य साँध सँधियारको रोहवरमा सर्जमिन तयार गरी अनुमति दिइनेछ ।

११) पानीले भिजेको र पानी चुहिने ढुङ्गा, गिट्टी, वालुवा, माटो, वोकेर ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन् ।

१२) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा वढि तौल राखी वा न्यून विल काटी ढुवानीका साधन सडकमा गुडाउन र नछोपी खुल्ला रुपले ढुवानी गर्न पाईने छैन् ।

१३) ओसारपोसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता वमोजिम हुनेछ ।

**८. भण्डारण घाट गद्धी सम्वन्धी व्यवस्थाः**

क) ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान दहत्तर, वहत्तर उत्खनन् र सकंलन पश्चात नगरपालिकाले उपयुक्त भण्डारण तथा घाट गद्धीको स्थान तोक्नेछ ।

ख) उपदफा (क) बमोजिम तोकिएको स्थल बाहेक कोही कसैले भण्डारण वा घाट गद्धी गर्नु हुँदैन् ।

ग) नगरपालिकाले वर्षको ३ महिनामा एक पटक घाट गद्धी स्थलको निरिक्षण अनुगमनको व्यवस्था गर्नेछ र सम्वन्धित व्यवसायिले समेत ३ महिनामा १ पटक आफ्नो स्टक परिमाण नगरपालिकामा जानकारी गराउनु पर्नेछ ।

**९. साधारण (निजि हकभोगको जग्गाबाट) निर्माणजन्य सामाग्री उत्पादन तथा प्रशोधन व्यवसाय संचालन अनुमति सम्वन्धमा**

नगरपालिका भित्र संघीय, प्रदेशिक वा स्थानीय तहवाट संचालन हुने विभिन्न किसिमका विकास निर्माण कार्य लागि निर्माणजन्य सामग्री पेवल, रोडा, चिप्स र वालुवा समेत अत्यावश्यक वस्तु भित्र पर्ने हुँदा उक्त सामग्री उत्खनन, संकलन र प्रशोधन समेत गर्न माथि उल्लेखित खानी विकास समितिले आयोजना अवधिभर रहने गरि साधारण निर्माणजन्य सामाग्री उत्पादन व्यवसाय/व्यवसाय संचालन गर्न अनुमति प्रदान गर्न तल उल्लेखित मापदण्ड पालना गर्नु पर्नेछ ।

**मापदण्डहरु :**

उत्खनन, संकलन र प्रशोधन कार्य गर्दा पालना गर्नु पर्ने : उत्खनन्, संकलन र प्रशोधन कार्यको लागी अस्थायी अनुमति पाउने व्यक्ति/संस्थाले पालना गर्नु पर्ने शर्तहरु देहाय वमोजिम हुने छ ।

१. खोला/नदिसंग जोडिएको निजी जग्गावाट पेवल, रोडा, चिप्स र वालुवा निकाली प्रयोग तथा विक्री वितरण चाहने व्यक्तिले देहाय वमोजिम कागजात वा विवरण उल्लेख गरी नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(क) आफ्नो हकभोगको जग्गा धनी प्रमाणपूर्जाको फोटोकपि ।

(ख) अरुको हकको जग्गा भए सम्वन्धीत जग्गाधनिको मन्जुरी वा सहमति पत्र ।

(ग) चार किल्ला सधियारको विवरण र सहमती पत्र ,

(ग) फिल्ड नक्शा, ट्रेस नक्शा, ब्लु प्रिन्ट नक्शा,

(घ) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ङ) आफूले संकलन गर्न लागेको परिमाणको विवरण ,

(च) उद्योग दर्ता सम्वन्धि सम्पूर्ण कागजातहरु, नविकरण र पछिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्रका प्रतिलिपि ।

(छ) सम्वन्धित वडाको सिफारिस पत्र ।

(ज) आयोजना संचालन अनुमति पत्रको प्रतिलिपि (आयोजनाको हकमा) ।

२. शुल्क तथा दस्तुर तिर्नु पर्ने : निजी जग्गा व्यवस्थापन गर्न इजाजत पत्रका लागि निवेदन दिदा रु.१००० (एक हजार रुपैया) निवेदन दस्तुर तिर्नु पर्नेछ । तर जग्गा व्यवस्थापन गर्दा संकलन भएका ढुगां,गिटी,बालुवा,माटो भने गण्डकी प्रदेशले तोकेके दरमा मूल्य अभिवृद्धि करतथा अग्रिम कर समेत थप गरी ढुवानीको लागि इजाजत लिनु अगावै नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

३. उपदफा (१) वमोजिमको निवेदन प्राप्त भएपछि निवेदकलाई साधारण निर्माण जन्य पदार्थको उत्खनन, संकलन तथा विक्री वितरण गर्न अस्थायी इजाजत दिने वा नदिने भन्ने सम्वन्धमा जांचवुझ गरी अनुमति प्रदान गर्न प्राविधिक समितिको सिफारिस अुनसार प्रमुख प्रशासकिय अधिकृतद्वारा ईजाजत प्रमाण-पत्र प्रदान गरिनेछ ।

४. प्राविधिक समितिको गठन :– नदि जन्य पदार्थ तथा निजि जग्गाबाट निर्माण जन्य पदार्थ उत्खन, प्रशोधन तथा उद्योग संचालनका लागि स्थलगत जााचबुझ गर्न देहाय वमोजिमको प्राबिधिक समिति गठन गर्ने .

| | |
|---|---|
| क) पूर्वाधार शाखा प्रमुख | संयोजक |
| ख) योजना उपशाखा प्रमुख | सदस्य |
| ग) अमिन | सदस्य |
| घ) वातावरण शाखा हेर्ने कर्मचारी | सदस्य |
| छ) पूर्वाधार शाखाको कर्मचारी सदस्य सचिव | |

उपरोक्त समितिले उत्खनन् हुने वस्तु तथा स्थापना गर्ने उद्योगको अवस्थिती, प्रचलित कानुनले तोकेको मापदण्ड उत्खनन् हुदा निस्कने अनुमानित परिमाण समेत खुलाई प्रतिवेदन दिनु पर्ने छ ।

५.साधारण निर्माणमुखी सामाग्री संकलन गरी सोको बिक्री पछि जोखिम कम गर्ने अन्य उपयुक्त उपाय अवलम्वन गर्नु पर्नेछ ।

**१०. प्रसोधन एंव उधोग संचालन**

(क)उद्योग संचालन गर्न अनुमति प्राप्त भएपछि धरौटी वापत रु १,००,०००।- (अक्षेररुपी रु एक लाख) नगरपालिकाको खातामा जम्मा गर्नुपर्ने सो रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैकले जारी गरेको पर्फर्मेन्स बोंड र उक्त धरौटी अस्थायी अनुमति अवधि समाप्त वा व्यवसाय बन्द भएको मितिले जोखिमको अवस्था अनुसार कम्तिमा ६ महिना पछि मात्र फिर्ता गर्नु पर्नेछ । तर तोकिएको शर्त अनुसार कार्य नगरपालिकाले उलंघन गरेको ठहरेमा नियमानुसार जरिवाना रकम सोही धरौटी वाट कट्टा गरी व्यावसाय वन्द गर्न सकिने छ ।

(ख) निजि जग्गाबाट ढुङ्गा गिट्टी वालुवा र माटो लगायतका निर्माण सामाग्री उत्खनन गर्दा दैनिक १०० घ.मि. भन्दा बढी उत्खनन गर्ने वा ३ महिना भन्दा बढी समय उत्खनन हुने कार्य संचालन गर्न को लागि रु. २५०००। (पच्चीस हजार रुपैया मात्र) वा सो बराबरको पर्फर्मेन्स बोन्ड भएको धरौटी न पा राख्नु पर्ने ।

(ग) उत्खनन, संकलन र प्रशोधन कार्य पेश भएको जग्गाको साध सिमासंग जोडिएको नदी/खोलावाट मात्र नगरपालिकाले तोकेको समय सिमाभित्र रही उत्खनन, संकलन र प्रशोधन गर्न पाउनेछ ।

(घ) पेवल, रोडा, चिप्स र वालुवाका लगायत साधारण निर्माणमुखी सामाग्रीको बजार मूल्य उत्खनन् स्थल, बजार दुरी र उत्खनन् संकलन लागत एवं अन्य अनुमति प्राप्त व्यक्ति वा फर्मको प्रचलित वजार दर समेतलाई ध्यान राखि नगरकार्यपालिकाले अधिकतम बिक्रि दररेट तोक्न सक्नेछ । यसरी तोकिएको दर रेटलाई सम्वन्धीत अनुमति प्राप्त व्यक्ति वा फर्मले अवलम्वन गर्नु पर्नेछ ।

(ङ) दफा ९ (२) वमोजिम अनुमति प्राप्त उद्योगले सो निर्माण जन्य सामाग्री उत्खनन एवं संकलन गर्दा नगरपालिकाले तोके वमोजिम विक्री शुल्क नगरपालिकालाई बुझाउनु पर्नेछ ।

(च) साधारण निर्माणमुखी सामाग्री बिक्री वितरण गर्दा अस्थायी अनुमति प्राप्त व्यक्तिले पहिलो प्राथमिकता भानु नगरपालिकावासीलाई दिनु पर्नेछ ।

(छ) उत्खनन् पश्चात अस्थायी अनुमति प्राप्त फर्म वा व्यक्तिले उत्खनन् एवं संकलन पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पांगो वा चोकर वा अन्य वाई प्रडक्टको उचित व्यवस्थापन गर्नु पर्नेछ । साथै सो वाट निस्कीएको फोहर पानिलाई आवस्यक ट्रिटमेन्ट प्लान्ट मार्फत सफा गरे पश्चात मात्र स्थानिय नदी, खोलामा खसाल्ने व्यवस्था गर्नु पर्नेछ ।

(ज) सडक विभाग र सम्वन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा, वालुवा र माटो उत्खनन् र संकलन गर्न वा सञ्चय गर्न पाइने छैन ।

(झ) उत्खनन् तथा संकलन स्थलवाट मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न गराउन पाइने छैन ।

(ञ) संकलन र उत्खनन् गरिएको सामान्य निर्माणमुखी ढुङ्गा, वालुवा, तथा माटो जस्ता पदार्थ स्थानीय तहबाट ईजाजत प्रत्रमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी संचय गर्न पाइने छैन ।

(ट) उत्खनन एवं संकलन अनुमती माग गर्ने कम्पनी वा फर्मले व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति, कम्पनी वा फर्मको हुनेछ ।

(ठ) प्रशोधन गर्दा उत्पन्न भएका फोहोर जन्य पदार्थ (By Products) लाई नियमनुसार प्रशोधन र सुद्धिकरण गरि मात्र खोला वा नदिमा मिसाउन पाउनेछ ।

(ड) यो कार्यविधि प्रदेश वा संघको कानुनसंग वाझिएमा सोहि अनुसार हुनेछ ।

ढ) निषेधित कार्यहरु ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, संकलन, क्रसिङ्ग र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलार्य व्यवस्थित गर्ने कार्यविधि २०७५ को दफा १४ ले व्यवस्था गरे बमोजिम कार्यहरु निषेधि गरिएको छ ।

**११. खानी विकास समितिको गठन :**

(१) साधारण निर्माणजन्य सामाग्रीहरु ढुंगा, गिट्टि, माटो ,वालुवा उत्खनन, संकलन, प्रशोधन एवं विक्री वितरण कार्यको अनुमति प्रदान गर्न देहाय वमोजिमको नगरपालिका खानी विकास समिति गठन गर्ने ।

क) पूर्वाधार समितिको संयोजक **संयोजक**
ख) कार्यपालिकाको एक जना महिला सदस्य सहित २ जना **सदस्य**
ग) नगरपालिकाको अमिन **सदस्य**
घ) पूर्वाधार शाखा प्रमुख **सदस्य**
ङ) योजना अनुगमन तथा प्रशासन शाखा प्रमुख **सदस्य**
च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी **सदस्य सचिव**

(२) उपदफा (१) वमोजिम गठित खानी विकास समिति समक्ष प्राप्त भएको निवेदन उपर समितिले आवस्यकतानुसार दफा ९ (३) वमोजिमको प्राबिधिक समिति, सम्वन्धीत जग्गाको सधियार र निवेदक समेतलाई समावेश गरी आवश्यक जाँचवुझ गरी स्थलगत निरिक्षण गर्न सक्नेछ ।

(३) दफा ९ को उपदफा (३) वमोजिम को समितिले स्थलगत अध्ययन निरिक्षण गर्दा उत्खनन एवं संकलन गर्न प्रस्तावित स्थलवाट रोडा, ढुंगा, माटो, वालुवा निकाल्दा सधियारहरुलाई हानी नोक्सानी पर्ने नपर्ने, सार्वजनिक जग्गा, वन जंगल, पानी मुहान, सडक, पाटी पौवा, मन्दीर, भवन, आदी तथा अन्य सार्वजनिक वा व्यक्तिगत संरचनामा तत्काल, अल्पकाल र दीर्घकाल असर पर्ने हो होइन यकीन गर्ने तथा संकलन गर्न सकिने वस्तुको परिणाम समेत यकिन गर्नु पर्नेछ ।

(४) उपदफा (२),(३) वमोजिम निवेदकको माग वमोजिम साधारण निर्माण जन्य पदार्थहरु ढुंगा, गिट्टि, माटो वालुवा उत्खनन्, संकलन एवं विक्री वितरण गर्न मनासिव देखेमा सोही कुराको सिफारिस नगरकार्यपालिकालाई गर्नेछ ।

**१२. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी व्यवस्था :**

१) कार्यालयले नदी जन्य पदार्थ (निजि हकभोगको जग्गा बाहेक) बाट आय आर्जन को लागि ठेक्का वन्दोवस्त गर्दा संघिय र प्रदेश कानुन अनुसार तोकिएको निकायबाट EIA/IEE गराउनु पर्नेछ ।

२) निजी तथा सार्वजनिक सस्थाको नाममा/स्वामित्वमा रहेको जग्गा जमिनबाट ढुङ्गा, गिटी, बालुवा तथा माटो लगाएतका प्राकृतिक स्रोतहरु उत्खनन् गरी विक्री गर्न दैनिक ३०० घन मिटर भन्दा बढी उत्खनन् गर्ने अनुमति पाउँ भनी निवेदन आएमा निवेदकले तोकिएको निकायबाट प्रारम्भिक वातावरणीय परीक्षण IEE गराउनु पर्नेछ ।

**१३. अनुगमन सम्बन्धी व्यवस्था :**

(१) IEE/EIA प्रतिवेदनका सर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिको अनुगमन समिति रहनेछ ।

१. नगर प्रमुख **अध्यक्ष**
२. नगर उप प्रमुख **सदस्य**
२. प्रमुख प्रशासकीय अधिकृत **सदस्य**
३. सम्बन्धित वडाको वडा अध्यक्ष **सदस्य**
४. कार्यपालिका सदस्यहरु मध्ये एक जना महिला सहित २ जना **सदस्य**
५. स्थानीय क्षेत्र हेर्ने नेपाल प्रहरी प्रमुख **सदस्य**
६ स्थानीय क्षेत्र हेर्ने सशस्त्र प्रहरी प्रमुख **सदस्य**
७. स्थानीय वन शाखा प्रमुख **सदस्य**
८. प्रतिनिधि पूर्वाधार शाखा. **सदस्य**
९. प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख **सदस्य सचिव**

(२) जिल्ला समन्वय समिति प्रमुख रहेको नेपाल सरकारद्वारा गठित जिल्ला अनुगमन तथा समन्वय समितिले नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी सुझाव प्रदान गर्न सक्नेछ ।

(३) नजिकको स्थानीय वडा कार्यालयद्वारा अनुगमन, उत्खनन तथा ओसार पोसारका सर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको नजिकको वडा कार्यालयले अनुगमन गर्नसक्नेछ ।

(४) अनुगमनको कार्यसूची : माथि उल्लिखित अनुगमन संयन्त्रले नदीजन्य पदार्थको उत्खनन तथा ओसार पसारका लागि यस कार्यविधिमा गरिएको सबै व्यवस्थाको परिपालना भए नभएको, निषेधित क्षेत्रमा चोरी उत्खनन नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुनेचोरी उत्खनन नियन्त्रण, नदीजन्य पदार्थको राजस्व चोरी गरी हुन सक्ने ओसारपसार, अनुमति बेगर भारी यान्त्रिक औजारकोप्रयोग गरी गरिने उत्खनन लगाएतका विषयमा अनुगमन गरी सर्त उल्लङ्घन गर्ने उपर कारबाही गर्न सिफारिश गर्न सक्नेछ ।

(५) अनुगमनका क्रममा सर्त उल्लङ्घन गरेको वा राजस्व चोरी गरी उत्खनन तथा ओसारपसार गरेको पाइएमा त्यस्ता उत्खननकर्ता वा ढुवानीकर्तालाई अनुगमन समितिको सिफारिसमा दफा २८ अनुसार दण्ड जरिवाना हुनेछ ।

**१४. क्रसर उद्योग संचालन सम्बन्धमा :–** प्रदेश सरकारको ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन, संकलन, क्रसिंग र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यबिधी, २०७५ को दफा ३ र दफा ११ वमोजिम हुनेछ ।

**१५. व्यवसाय संचालन दस्तुर सम्बन्धमा :–** उद्योग संचालनका लागि

देहाय वमोजिमको शुल्क नगरपालिकालाइ बुझाई मापदण्ड पुगेका प्रशोधन उद्योग (क्रसर र फिरफिरे) लाई प्रमुख प्रशासकीय अधिकृतले उद्योग संचालन गर्न अस्थायी अनुमति दिन

क्रसर उद्योग : रू १ लाख

फिरफिरे : रू ५० हजार

छ महिना सम्म निजि जग्गाबाट ढुङ्गा, गिट्टी, वालुवा जस्ता पदार्थ उत्खनन गर्दा अनुमति दस्तुर – रु. १०,०००

एक वर्ष सम्म संचालन गर्नको लागि – रु. २०,०००

(साथै नगरसभाले तोकेको दररेटमा स्थानीय उत्पादन तथा बिक्री शुल्क समेत लाग्ने छ ।)

प्रत्येक बर्ष उद्योगको नविकरण गरेर मात्र संचालन गर्नु पर्नेछ नविकरणका लागि अनुमति लिदाको दस्तुर अनुसारनै लाग्ने छ ।

१६. **अनुमति प्रदान गर्ने :** (१) नदिजन्य  तथा अन्य निर्माण जन्य पदार्थको उत्खनन् संकलन तथा प्रशोधनका लागि फिरफिरे र क्रसरजास्ता उद्योग संचालनको लागि तोकिकएको निकायबाट प्रारम्भिक वातावरणिय परीक्षण IEE स्वीकृत पश्चात नगरकार्यपालिकाले अनुमति प्रदान गर्न निर्णय गर्न सक्नेछ

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि ठुला निर्माण आयोजना संचालन गर्न कार्यालयले निश्चित स्थान तोकी ढुङ्गा, गिट्टी, क्रसर गर्न तथा प्रशोधन गर्न सिफारिस गरेमा वा भुकम्प पश्चातको पुन निर्माणका लागि आवरशयक पर्ने ढुङ्गा, गिट्टीको अभाव भएको अवस्थामा दफा १० बमोजिम गठन भएको समितिको सिफारिसमा कार्यापालिकाले समयावधी तोकी क्रसर लगायत प्रशोधन उद्योग संचालन गर्न स्वीकृत दिन सक्नेछ ।

तर ६ महिना सम्मको लागि नीजि जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन गरी एक ठाउ बाट अर्को ठाउमा ओसार पोसार गर्दा प्राविधिक समितिको सिफारिसमा तोकिएको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले अस्थायी अनुमति दिन सक्नेछ ।

**१७. उत्खनन्, संकलन र बिक्री वितरण कार्य गर्दा पालना गर्नु पर्ने शर्तहरु :**

उत्खनन्, संकलन र बिक्री वितरण कार्यको लागी अस्थायी अनुमति पाउने व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु दफा ९ वमोजिम हुने छ ।

**१८. उत्खनन् परिमाण नियन्त्रण विधि :**

उत्खनन् गर्न निर्धारिण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् हुन नदिन देहाय बमोजिमका उपायहरु अवलम्वन गर्नु पर्ने छ ।

(क) संकलन तथा उत्खनन् आदेश दिनु पूर्व प्राविधिकबाट गरिएको नाप जाच तथा रेखाकंनका आधारमा उत्खनन् लाईन दिने ।

(ख) यस बमोजिम उत्खनन् भै निकासी भएको स्थलमा राजश्व शाखाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(ग) दैनिक उत्खनन् गरिएको खानीजन्य पदार्थको समेत तोकिए वमोजिम ढाचामा दैनिक उत्खनन् अभिलेख राख्नु पर्ने छ ।

(घ) दैनिक विक्री निकासी तेरिज तयार गरी नगरपालिकामा पठाउने र नगरपालिकाले सो को अभिलेख राख्नुपर्ने छ ।

(ङ) प्राविधिक नाँप जाँच प्रतिवेदन वा दैनिक हुने विक्रिको परिमाणको आधारमा खानी विकास समितिले निश्चित समय अविधि तोकि अनुमति दिनेछ ।

(च) यस बमोजिम उत्खनन भइ निकासी भएको स्थलमा कम्तीमा महिनाको १ पटक नगरपालिकाले अनुगमन गर्ने ।

**१९. नदीजन्य तथा अन्य पदार्थको निकासी मूल्य निर्धारण सम्बन्धी व्यवस्था :**

नदीजन्य पदार्थ तथा अन्य पदार्थको निकासी मूल्य प्रदेश कानून बमोजिम हुनेछे दररेट बमोजिम हुनेछ ।

२०. **अनाधिकृत रुपमा उत्खनन् तथा संकलन गर्न नपाईने :** अनाधिकृत रुपमा नदी, नाला, खोल्सा खोल्सीवाट रोडा ढुंगा, वालुवा एवं माटो उत्खनन् ,संकलन गर्न पाइने छैन । कसैले अनधिकृत रुपवाट उल्लेखित निर्माण जन्य समाग्री उत्खनन् एवं संकलन गरेका भानु नगरपालिकाले सो सामाग्री  जफत वा नियमानुसार जरिवाना गर्न सक्ने छ ।

**२१. अनुमति पत्र रद्द हुने व्यवस्था :**

(१) अस्थाई अनुमति देहायको अवस्थामा रद्द वा खारेज हुनेछ ।

(क) अनुमति पत्र प्राप्त व्यक्तीले अनुमति पत्र परित्याग गर्न निवेदन दिएमा ।

(ख) सार्वजानिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकुल असर पर्न सक्ने कार्य गरेमा ।

(ग) नियमानुसार तोकिएको रोयल्टी, शुल्क , दस्तुर आदी समयमा नवुझाएमा ।

(घ) यस कार्य विधि वमोजिम तोकिएको शर्तहरु पालना नगरेमा ।

(ङ)   तोकिए वमोजिमको पेश गर्नु पर्ने विवरण, प्रतिवेदन, सुचना आदी पेश भानु नगरपालिकामा ।

(च)   कसैको उजुरी परी छानविन गर्दा अनुमति प्राप्त व्यक्तिले अनियमित एवं कानुन विपरित कार्य गरेको ठहरेमा तत्काल उत्खनन एवं विक्री वितरण कार्य तक्काल वन्द गर्न आदेश अस्थाई अनुमति खारेज वा रद्द गर्न सक्नेछ ।

(२)   उपदफा १ वमोजिम अस्थाई अनुमति खारेज गर्दा सम्वन्धीत व्यक्तिलाई सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

**२२.   नदीजन्य पदार्थबाट हुने आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने :**

१) यस कार्यविधिको अधीनमा रही भानु नगरपालिकाको नगर कार्यपालिकाले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असूल गर्न भानु नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

(२) दुई वा दुई भन्दा बढी नगरपालिकाको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपदफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन् ।

(३) भानु नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ ।

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि परिषद्ले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय एकलाख पचासहजार रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै र एकलाख पचासहजार रुपैयाँ भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैयाँसम्म भए राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई र दशलाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिइ राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना भानु नगरपालिका नगराकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु लगायत सार्वजानिक ठाँउमा सवैले देख्ने गरी सूचना टाँस गरी सोको मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) नगरकार्यपालिकाले तोकेको न्युनतम रकम,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान भानु नगरपालिका नगरकार्यपालिकाको कार्यलयबाटमात्र फाराम प्राप्त गर्न सकिनेछ ।

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम

(८) बोलपत्र बापत लाग्ने मूल्य,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा वैंङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु । )

(च) खण्ड (ङ) को उपखण्ड (८) बमोजिम बोलपत्र फारमको दस्तुर कायम गर्दा तल उल्लेख भए बमोजिमको मूल्य कायम गर्नु पर्नेछ ।

(१) बोलपत्र सम्वन्धी कागजात खरिद गर्न चाहने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले अधिकार प्राप्त अधिकारी वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र सम्वन्धी कागजात भानु नगरपालिका वा नगरपालिकाले तोकेको तोकेको दुई वा दुई भन्दा बढी अन्य निकायबाट देहाय बमोजिमको दस्तुर तिरी लिनु पर्नेछ :-

(क) दशलाख सम्मको लागि - एक हजार रुपैयाँ

(ख) दशलाख भन्दा माथि साठीलाख रुपैयाँ सम्मको लागि - तीन हजार रुपैयाँ

(ग) साठी लाख भन्दा माथि छ करोड रुपैयाँसम्मको लागि - पाँच हजार रुपैयाँ

(घ) छ करोड भन्दा माथि दशकरोड रुपैयाँ सम्मका लागि - सात हजार रुपैयाँ

(ङ) दश करोड रुपैयाँ भन्दा माथि पच्चीस करोड रुपैयाँ सम्मको - दश हजार रुपैयाँ

(च) पच्चीसकरोड रुपैयाँ भन्दा माथि जतिसुकै रकमको लागि -पन्ध्र हजार रुपैयाँ

(२) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले उपखण्ड (च) बमोजिमको दस्तुर र लाग्ने हुलाक वा कुरीयर महसुल तिरी बोलपत्रसम्वन्धी कागजात वा प्रस्ताव आव्हान सम्बन्धी कागजात पठाइ दिन लिखित अनुरोध गरेमा सम्बन्धित स्थानीय निकायले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई हुलाक वा कुरियर मार्फत बोलपत्र सम्बन्धी कागजात पठाई दिनु पर्नेछ । तर त्यसरी पठाउँदा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बोलपत्रसम्वन्धी कागजात समयमा नै प्राप्त गर्न नसकेमा सोका लागि भानु नगरपालिका जवाफदेही हुनेछैन ।

(छ) उपदफा ४ बमोजिम प्रकाशन सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले बोलपत्र दिंदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) उपदफा ४ को खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ । तर वढावढ गर्दा पनि भानु नगरपालिकाले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा स्थानीय स्तरको सम्बन्धित राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

(झ) माथि जुन सुकै कुरा लेखिएको भएपनि कुनै ठेक्काको रकम बढी भै प्रथम पटक सूचना प्रकाशन गर्दा वोलपत्रर दरभाउ पत्र दाखिला नगरेमा दोश्रो पटक सूचना गर्दा पनि वोलपत्र दाखिला नहुने पर्याप्त आधार भएमा वा खण्ड (ज) बमोजिम सूचना प्रकाशन गर्दा पनि वोलपत्र नपरेमा वा सभाले तोकेको न्यूनतम रकम बढी भई राजश्व संकलन हुने नदेखिएमाराजश्व परामर्श समितिको सिफारिशमा कार्यपालिकाले ठेक रकम घटाई सभाबाट अनुमोदित गराउनु पर्ने छ ।

(५) उपदफा (४) को खण्ड (ङ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने भानु नगरपालिकाको नाममा उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको सूचनामा पचहत्तर दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

तर वढावढ गर्दा पनि भानु नगरपालिकाले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा स्थानीय स्तरको सम्बन्धित राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

(६) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ । तर कुनै ठेक्काको चलान पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत स्थानीय निकायले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपनियम (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

**२३. ठेक्का स्वीकृत गर्ने :** (१) नियम २१ को उपदफा (४) अन्तरगत प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक स्थानीय निकायले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(३) यस बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँकस्वीकृत प्रमुख प्रशासकीय अधिकृतबाट गर्नु पर्नेछ ।

**२४. पट्टा दिने र कबुलियत गराउने :**

(१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने भानु नगरपालिकाले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्नेछ । )

(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा वडाध्यक्ष वा वडा सदस्य एक जना समेत स्थानीय व्यक्तिहरु चार जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिनेछ । तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्ने प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम स्थानीय निकायले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रकृया पुऱ्याई पुनः बोलपत्र आव्हान गर्नुपर्नेछ ।

(४) भानु नगरपालिकाले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । सम्बन्धित स्थानीय तहको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ । सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले स्थानीय तहलाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक अङ्कको कुल रकमको प्रथम किस्ता बुझाए पछी बाकि रकमको लागि नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैंङ्कको कम्तीमा १३ महिना म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग कवुलियत गराई बमोजिम पट्टा दिनु पर्नेछ ।

**२५. ठेक्का रकमको किस्ता बुझाउने तरिकाः**

(१) भानु नगरपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा दश प्रतिशत छूट दिईने छ । तर यस्तो छूटको प्रतिशत बोलपत्रवा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

**२६. ठेक्का तोड्ने :**

(१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस **कार्यबिधी** बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले भानु नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित भानु नगरपालिकाले फिर्ता गर्ने छ ।

(३) उपदफा (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का) वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी वाँकी सरह असूल उपर गरी निजको नाम कालोसूचीमा राखी अन्य स्थानीय तहहरु र नेपाल सरकारको सम्बन्धित कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्ते ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम गनि महशुल असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट भानु नगरपालिकालाई भएको नोक्सानी र स्थानीय तहले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ । तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने नगरपालिकाको नगरकार्यपालिकाले सो बमोजिम असूल गर्नु पर्ने रकममध्ये सम्बन्धित राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

**२७. बक्यौता रकम असूली सम्बन्धी व्यवस्था :** (१) भानुनगरपालिकाले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना वनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्था लाई भानु नगरपालिकाले असूली अङ्कको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१),(२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी वाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ

। )

**२८. बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकारी :**

(१) निर्माण कार्य वा मालसामान खरिद तथा आय ठेक्काका लागि बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

**२९. दण्ड जरिवाना :** प्राकृतिक श्रोत साधन (ढुङ्गा, गिट्टी, वालुवा) को अबैध उत्खननमा प्रयोग हुने तपशिल वमोजिमका सवारी साधनहरुलाई देहाय वमोजिमको जरिवाना गरीने छे ।

क) स्काभेटर रु ३०,०००।– देखि ४०,००० । (पटकअनुसार)

ख) जेसिभि / ट्रीपर रु २०,०००।– देखि ३०,०००।– (पटक अनुसार)

ग) ट्र्याक्टर / मिनिटाटा रु १२,०००।– देखि २०,०००।– (पटक अनुसार)

घ) अस्थायी अनुमति पाएका प्रशोधन उद्योगलाई अनुमतीको शर्त पालना नगरे अनुमति खारेज तथा धरौटी जफत गरिने छ ।

ङ) नियमानुसार आय ठेक्का सम्झौता गरेका फर्म तथा व्यक्तिहरुले सम्झौताका शर्तहरु पालना नगरे ठेक्का तोडी क्षति भए अनुसार क्षति पुर्ती गराउनुको साथै कालो सूची तर्फ कारबाही गरिनेछ ।

**३०. आवश्यक निर्णय गर्न सक्ने :** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि आम रुपमा साधारण निर्माण जन्यसामाग्रीहरु रोडा ढुंगा, गिट्टि, माटो तथा वालुवाको अभाव भै सर्वसाधारणलाई असुविधा पुग्न गएमा वा अन्य प्रयोजनको लागी सार्वजानिक स्थललाई उपयोग योग्य वनाउन आवश्यकता परेमा तोकिए वमोजिमको प्रक्रिया पुरा गरी गराई भानु नगरपालिकाले आवस्यक निर्णय गरी त्यस्तो सामाग्री उत्खनन् गर्न वा संकलन गर्ने गराउने व्यवस्था गर्न सक्नेछ ।

**३१. थपघट वा हेरफेर गर्न सक्ने:** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन भानु नगरकार्यपालिकाले आवश्यकतानुसार थपघट, हेरफेर र संशोधन गर्न सक्नेछन् ।

**३२. वाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ उत्पन्न भएमा वा संघ वा प्रदेश कानुन जारी हुदाको वखत द्धिविधा उत्पन्न भएमा भानु नगरपालिकाले स्थानिय राजपत्रमा सुचना प्रकाशन गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्ने छ ।

**३३. अधिकार प्रत्यायोजन :** यस कार्यबिधी अनुसार कार्य गर्न तोकिएको अधिकारीले आफु मातहतका कर्मचारी अधिकार प्रत्यायोजन गर्न सक्ने छ ।

**३४. वचाउ :** यो कार्यविधि लागु हुनु अघि प्रचलित औद्योगिक व्यवसाय तथा खानी तथा खनिज सम्वन्धीत कानुन वमोजिम अनुमति प्राप्त गरेको व्यक्ति वा फर्महरुलाई यस कार्यविधिले वाधा पुर्याएको मानिने छैन । साथै भानु नगरपालिका क्षेत्रका भुकम्प पिडित नागरिक तथा नगरपालिका भित्रका विकास निर्माणका आयोजनाहरुको सञ्चालनका लागि यस ढुंगा, गिट्टी, वालुवा वा ग्राभेलको प्रयोग तथा आय ठेक्का सम्बन्धमा यस अघि गरिएका सम्पूर्ण निर्णय तथा कार्यहरु यसै कार्यविधी अनुसार भएको मानिनेछ ।

आज्ञाले
राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत